# धार्चे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
माछीखोला, गोरखा

पत्र संख्या :-२०८१/०८२ गण्डकी प्रदेश, नेपाल।

मितिः- २०८१।०४।१४

## प्रेस विज्ञप्ति।

विगत केहि दिनदेखि लगातार परिरहेको अविरल बर्षाका कारणले गर्दा मिति २०८१।०४।१३ गते विहान करिब २ बजेको समयमा माथिबाट आएको लेदोसहितको बाढि पहिरोले यस गाउँपालिकाको वडा नं. ५ रेसेफाँटस्थित जित बहादुर गुरुङको घर पुरिदा/बगाउँदा घरमा सुतिरहेका १५ जना मानिसहरुमध्ये ८ जना तत्कालै भाग्न सफल भएका र बाँकि ७ जना बाढिपहिरोमा परेका र सो मध्ये विहान करिव ६ बजे २ जना घाइतेको उद्धार भएको र बाँकि ५ जना वेपत्ता रहेका छन । घाईते हुनेहरुमा धार्चे गाउँपालिका वडा नं. ५ का ३५ वर्षिय दिलिप गुरुङ र ३० वर्षिय छम बहादुर गुरुङ रहेका छन र उनिहरुको मिति २०८१।०४।१३ गते विहान करिव १०:३० बजे कैलास हेलिकप्टरबाट उद्धार गरि थप उपचारका लागि काठमाडौ पठाईएको छ र हाल निजहरुको राष्ट्रिय ट्रमा सेन्टरमा उपचार भईरहेको छ । बेपत्ता हुनेहरुमा धार्चे गाउँपालिका वडा नं. ५ निवासि सुलाल कान्छा गुरुङ, निजको छोरा जित बहादुर गुरुङ र बुहारी कान्छि गुरुङ एउटै परिवारका रहेका छन् भने वडा नं. ५ कै रमेश गुरुङ र आरुघाट गाउँपालिकाका रमेश परियार रहेका छन । उनिहरुको खोज उद्धारका लागि धार्चे गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय लगायतको उपस्थितिमा पहिलो दिनदेखिनै हालसम्म निरन्तर संवेदनशिल ढंगले चलिरहेको छ । यस अनपेक्षित र अकल्पनिय विपदको घटनाले यस गाउँपालिकालाई दुखद एवम मर्माहित तुल्याएको छ । साथै घाईतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना सहित वेपत्ताहरुको खोजी कार्यमा सबै जुटनका लागि गाउँपालिका हार्दिक अनुरोध गर्दछ । बेपत्ता हुनेहरु र घाइते गरि जम्मा ७ जना नै वाटर इनर्जि हाइड्रोपावरमा आवद्ध कर्मचारी, कामदार तथा निर्माण व्यवसायी रहेका हुँदा सामाजिक संजाल र केहि संचार माध्यमहरुबाट केहि फरक समाचारहरु संप्रेषण भएको हुँदा त्यस्ता फरक र भ्रामक समाचारका पछि नलाग्न पनि गाउँपालिका समस्त सरोकारवालाहरुमा हार्दिक अपिल गर्दछ ।

सरोज गुरुङ
प्रवक्ता